# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, फेब्रवरी २०१३
# प्रथम अध्यक्षताको सन्देश, फेब्रवरी २०१३

## हिचकिचाउने धर्मप्रचारकका लागि एक शब्द


## अध्यक्ष डिटर एफ्. उक्डोर्फद्वारा

**प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार**


येशू ख्रीष्टका अनुयायीहरू सधैं उहाँको सुसमाचार संसारसामु पुऱ्याउन उत्तरदायी हुन्छन् (हेर्नुहोस् मर्कूस १६:१५-१६) । तैपनि, हामी वरिपरि रहनेहरूसँग हाम्रो मुख खोलेर हाम्रो आस्थाका बारेमा बोल्नु केही कठीन कुरा हो । जब धर्मका बारेमा कुरा गर्न चर्चका केही सदस्यहरूसँग एक प्राकृतिक उपहार छ, अन्य केही हिचकिचाउँछन् वा असजिलो महसुस गर्छन्, झन्झटिलो वा त्यसो गर्न त्रसित पनि हुन्छन् ।

त्यो अन्त्यमा, मुक्तिदाताको आदेश पालना गरी "सृष्टि गरिएका हरेकलाई" सुसमाचार सिकाउन म चार कुराहरू गर्ने सुझाव दिन सक्छु (सि र क ५८:६४) ।

### एक प्रकास बन्नुहोस्

मेरो एक लोकप्रिय कथनले प्रायश: सेन्ट फ्रान्सिस आसिसीको कथनलाई चित्रित गर्छ, "सबै समय मा सुसमाचार सिकाउनुहोस् अनि आवश्यकता परेमा शब्दरू प्रयोग गर्नुहोस् ।"१ यो कथनमा निर्देशित

जब हामीसँग दया हुन्छ अनि निरन्तर रूपमा हाम्रो स्तर अनुसार जिउँछौं मानिसहरूले देख्छन् । जब हामीले खुशी प्रकासित गर्छौं, तिनीहरूले त्यो भन्दा पनि धेरै देख्छन् ।

हरेक व्यक्ति खुसी हुन चाहन्छ । जब हामी चर्चका सदस्यहरूले सुसमाचारको प्रकासलाई प्रकासित गर्छौं, मानिसहरूले हाम्रो खुशी अनि हाम्रो जीवनमा भरिपूर्ण र प्रवाहित भइरहेको परमेश्वरको प्रेमको आभाष गर्न सक्छन् । तिनीहरूले किन भनेर जान्न चाहन्छन् । तिनीहरूले हाम्रो गोप्यका बारेमा बुझ्न चाहन्छन् ।

त्यसले तिनीहरूलाई "तपाईं किन अति नै खुशी हुनुहुन्छ?" वा "किन तपाईंसँग सधैं त्यस्तो सकारात्मक सोच छ?" जस्ता प्रश्नहरू सोध्न अगुवाइ गर्छ । निश्चय नै यी प्रश्नहरूको उत्तरले पूर्ण रूपमा येशू ख्रीष्टको पुनरुत्थापित् सुसमाचारका बारेको वार्तालापतर्फ अगुवाइ गर्छ ।

### सम्वाद गर्ने बन्नुहोस्

धर्मको विषयलाई–विशेष गरी हाम्रा साथीहरू र प्रियजनहरूसामु ल्याउने कुरा–सम्बेदनशील र चुनौतीपूर्ण देखिन सक्छ । यो यस्तै हुनु पर्दैन । यदि हामीले थोरै साहस र सामान्य विवेक प्रयोग गऱ्यौं भने आत्मिक अनुभवहरू वा चर्चका क्रियाकलाप वा सामान्य वार्तालापका विषयहरूका बारेमा उल्लेख गर्नु सजिलो र आनन्ददायी हुन सक्छ ।

मेरी श्रीमती ह्यारिट यसकी अति नै राम्री उदाहरण हुन् । जब हामी जर्मनीमा बसिरहेका थियौ, साथीहरू र परिचितहरूसँग उनले उनको वार्तालापमा चर्चसँग सम्बन्धित विषयमा काम गर्न बाटो पत्तालगाउँथिन् । उदाहरणका लागि जब कसैले उनको हप्ताको अन्तिम समयका बारेमा सोध्यो भने, उनले भन्थिन्, "यो आइतबार हाम्रो चर्चमा हामीलाई प्रभाव पार्ने अनुभव मिल्यो ! पवित्र जीवन जिउने विषयमा एक १६ वर्षको युवकले सभाका २०० मानिसहरूका अगाडि साह्रै राम्रो वक्तव्य दिए ।" वा " मैले ९० वर्षकी एक महिलाका बारेमा जानें जसले चर्चको मानवीय कार्यक्रमका लागि ५०० भन्दा बढी ब्ल्याङ्केटहरू आवश्यकतामा परेका संसारभरीकै मानिसहरूलाई दिनका लागि दान गर्नुभयो ।"

प्रायश: जुन मानिसहरूले यो सुने अझै बढी जान्न चाहन्छन् । तिनीहरूले प्रश्नहरू सोध्छन् । अनि त्यसले सामान्य, दृढ, बिना हिचकिचावट सुसमाचारका बारेमा कुरा गर्ने अवसरतर्फ अगुवाइ गर्छ ।

इन्टरनेट र सामाजिक सञ्जालको विकाससँगै आज एक वार्तालापका रूपमा यी कुराहरूका बारेमा कुरा

गर्नु सधैँभन्दा सजिलो छ । त्यसो गर्नका लागि हामीलाई सामान्य सहासको आवश्यकता पर्छ ।

## दयाले भरिपूर्ण बन्नुहोस्

दुर्भाग्यवस, असहमति जनाउन ज्यादै सजिलो छ । यो अति नै पटक–पटक हुन्छ कि हामी प्राय तर्क गर्छौं, झगडा गर्छौं अनि आलोचना गर्छौं । जब हामी रिसाउछौं, कठोर बन्छौं वा मानिसहरूसँग आक्रोश पोख्छौं, हाम्रा बारेमा अझै बढी जान्न चाहनु नै तिनीहरूले चाहेको अन्तिम चीज हुन्छ । कति मानिसले या त चर्च छाडे वा कसैले चोट पुऱ्याउने वा खिन्न पार्ने केही कुरा भनेका कारण चर्चमा कहिल्यै समाहित भएनन् भनेर जान्नु असम्भव छ ।

आजको संसारमा अति नै कटुता छ । इन्टरनेटका कारणले चित्तभ्रान्ति हुन कुरा भन्न वा अनलाइनमा विषाक्त चीजहरू गर्न सधैँभन्दा सजिलो छ । के हामी हाम्रा सौम्य ख्रीष्टप्रति आशावादी अनुयायी, एक उच्चता हुने, अझै बढी करूणमयी तह लिने बन्नुपर्दैन ? धर्मशास्त्रले हामीलाई सिकाउँछ, "तपाईंको बोलीलाई सधैं दयाले भरिपूर्ण हुन, तर्कशीलतासँगै परिपक्व हुन दिनुहोस ताकि तपाईंलाई हरेक प्रकारका मानिसलाई कसरी जवाफ दिने भनेर जानकारी लिन सक्नुहोस् (कलस्सी ४:६) ।"

हाम्रा शब्दहरू घाम लागेको आकाश जस्तै सफा र दयाले पूर्ण भएर भन्ने विचार मलाई मन पऱ्यो । हामीले यो साधारण सिद्धान्तलाई स्वीकार गर्न सकेमा हाम्रा परिवारहरू, वार्डहरू, राज्यहरू अनि संसार पूरै कस्तो हुन्छ भनेर तपाईं कल्पना गर्न सक्नुहुन्छ ।

## आस्थाले पूर्ण हुनुहोस्

कहिलेकाहीँ हामीले अति नै धेरै श्रेय वा अति नै धेरै दोष हामी स्वयंमाथि लिन्छौं जब सुसमाचार सिक्ने कुरा अरूहरूमा आउँछ । यो सम्झिनु आवश्यक छ कि परमप्रभुले हामीसँग परिवर्तन गराउने काम गर्ने अपेक्षा राख्नुहुन्न ।

परिवर्तन हाम्रा शब्दहरूबाट आउँदैन बरू स्वर्गबाट हुने पवित्र आत्माको प्रशासनबाट आउँछ । कहिलेकाही सबै कुरा भनेकै हाम्रो गवाहीको एकमात्र वाक्यांश वा एक अनुभवका बारेको सुरूआत हृदयको विनम्रता वा एक खोल्ने ढोका जसले अरूहरूलाई उत्कृष्ट सत्यहरूको अनुभव गर्न पर्याप्त हुन्छ ।

अध्यक्ष ब्रिघम यङ (१८०१-७७) ले भन्नुभयो उहाँले सुसमाचार सत्य भनेर बुझ्नुभयो जब उहाँले "प्रभावकारी रूपमा वा सार्वजनिक स्थलमा बोल्न नजान्ने एक मानिस, जसले केबल "पवित्र आत्माको शक्तिद्वारा मलाई थाहा छ कि मरमनको पुस्तक सत्य छ, कि अगमवक्त जोसेफ स्मिथ परमप्रभुको एक अगमवक्ता हुनुहुन्छ ।"" अध्यक्ष यङले भन्नुभयो जब उहाँले विनम्र गवाही सुन्नुभयो "ती व्यक्तिको माध्यमबाट आएको पवित्र आत्माले मेरो बुझाइ र प्रकास, महिमा अनि अमरत्वहरू मेरा अगाडि उजागर भए ।"

दाजुभाइ दिदीबहिनीहरू, आस्था राख्नुहोस् । परमप्रभुले तपाईंले बोल्ने शब्दहरूलाई व्यापक र प्रवल बनाउन सक्नुहुन्छ । परमेश्वरले तपाईंलाई परिवर्तन गर्न होइन कि तपाईंको मुख खोल्न भन्नुहुन्छ । परिवर्तन गराउने काम तपाईंको होइन–त्यो सुन्ने व्यक्ति र पवित्र आत्माको हो ।

## हरेक सदस्य एक धर्मप्रचारक

मेरा प्यारा साथीहरू, आज हाम्रा लागि हाम्रो मुख खोलेर येशू ख्रीष्टको सुसमाचारको खुशीको समाचार अरूहरूलाई बाँढ्न कहिल्यै नभएका असङ्ख्य मार्गहरू छन् । त्यहाँ हरेकका लागि–हिचहिचाउने धर्मप्रचारकका लागि समेत–यो महान् कार्यमा सहभागी हुने बाटो छ । संसारलाई प्रकाश र सत्यले भरिपूर्ण पार्न यो महान् कार्यको समर्थनमा हामी हरेकले हाम्रो वास्तिविक क्षमता र चाहनाको उपयोग गर्न एक बाटो पत्तालगाउन सक्छौं । जसै हामीले त्यसो गर्नेछौं हामीले सबै समयमा परमेश्वरको साक्षीहरूका रूपमा उभिनका लागि तिनीहरू जो पर्याप्त रूपमा आस्थावान् र शाहसिकहरूमा आउने खुसी प्राप्त गर्नेछौं । मोसाया १८:९ ।

## सूचीहरू


१.सेन्ट फान्सिस अफ असिसी, विलियम फे र लिन्डा इभान्स गोठालो Share Jesus without Fear (१९९९), २२ ।

२. Teachings of Presidents of the Church: Brigham Young ब्रिघम यङ (१९९७), ६७ ।

**यो सन्देशबाट सिकाउने**

सिकाउने एक प्रभावकारी मार्ग भनेको “आफूले पढाउनेलाई … लक्ष्य निर्धारण गर्न प्रोत्साहन गर्नु हो जसले उहाँहरूलाई तपाइँले सिकाएका सिद्धान्तहरूको पालना गर्न सहयोग गर्छ” Teaching, No Greater Call (१९९९), १५९ । यो महिना आफूले पढाउनेहरूलाई प्रार्थनापूर्वक एक वा बढी मानिसहरूलाई सुसमाचार बाँढ्ने लक्ष्य निर्धारण गर्नका लागि आमन्त्रण गर्नुहोस् । साना केटाकेटीहरूले सहयोग गर्न सक्ने विषयका बारेमा अभिभावकहरूले छलफल गर्न सक्छन् । नियमित हुने वार्तालापमा सुसमाचारको विषय ल्याउने तरिकाहरूका बारेमा मन्थन गर्न वा भूमिका निर्वाह गर्न अनि आगामी चर्च क्रियाकलापहरू जसमा तिनीहरूले एक साथीलाई आमन्त्रण गर्न सक्ने विषयमा तपाइँ परिवारका सदस्यहरूलाई सहयोग पनि गर्न सक्नुहुन्छ

**अडरिना भास्क्यूज्द्धारा**

एक दिन धर्मप्रशिक्षण कक्षामा पढिरहेकाबेला, मलाई सुन्दर र फरक प्रभाव प्राप्तभयो । जसै म अर्को दिनको पाठ पढिरहेको थिएँ, मैले मेरो स्कूलकी साथीको अनुहार देखेँ र उनीसँग मेरो गवाही बाँढ्नुपर्छ भन्ने दह्रिलो विचार प्राप्त गरेँ ।

यो प्रभावको स्पष्टताका बावजुद पनि, म डराएको थिएँ । मेरी साथीले मलाई अस्वीकार गर्छिन् कि भनेर म त्रसित थिएँ, विशेष गरी उनी चर्चमा आवद्ध हुन चाहने खालकी केटी देखिँदैनथिन् ।

युवती महिला साधारण अध्यक्षताकी दिदी मेरी एन्. कूकद्वारा दिइएको एक वक्तव्यका बारेमा मैले स्मरण गरेँ जसमा उहाँले हामीलाई कडा परिश्रम गर्न र दक्ष बन्न चुनौती दिनुभएको थियो । म त्यस्तै बन्न चाहन्थेँ, त्यसैले मैले यी केटीलाई एक पत्र लेखेँ र चर्चको सत्यता अनि मरमनको पुस्तकप्रतिको मेरो प्रेमका बारेमा प्रमाणित गरेँ । अर्को दिन मैले मेरो पत्र र मरमनको पुस्तकको एक प्रति उनको झोलामा राखिदिएँ ।

मेरा लागि अनौठो कुरा मेरो साथी सुसमाचार लिन अति नै तयार थिइन् । त्यो दिन देखि, मरमनको पुस्तकको उनको अध्ययनमा तिनले के सिकिन् भन्ने बारेमा तिनले मलाई बताउँथिन् । केही हप्ता पछि, मैले उनलाई धर्मप्रचारकहरूसँग परिचय गराइदिएँ । अति नै चाँढै तिनले तिनले सिकिरहेका कुरा सत्य हुन् भनेर पवित्र आत्माका माध्यमबाट एक प्रमाण पाईन् । धर्मप्रचारकहरू र म उनले तिनको विचार व्यक्त गर्दा ज्यादै खुशी भयौं । मेरी साथीले चाँडै नै बप्तिस्मा लिइन् र उनमा भएका परिवर्तनहरू देखेर उनका अभिभावकहरू आश्चर्यचकित हुनुभयो ।

म खुशी थिएँ कि मैले आफ्नो त्रासमाथि विजय पाउन र उनको जीवनमा सुसमाचार ल्याउन सहयोग गर्न सफल भएँ

सूची

१. हेर्नुहोस् मेरी एन् कुक, “Never, Never, Never Give Up!” Liahona मे २०१०, १७७-१९

म अरूहरूका लागि प्रकास बन्नसक्छु

अध्यक्ष उक्डोर्फ भन्नुहुन्छ कि अरूहरूका लागि प्रकास हुनका लागि हाम्रा शब्दहरू “घाम लाग्दाको आकाश जस्तै स्वच्छ र दयाले परिपूर्ण हुनुपर्छ ।” हाम्रा शब्दहरू खुशीदायी, इमान्दारितापूर्ण र दयापूर्ण हुनुपर्छ । अरूहरूका लागि प्रकाश बन्न हामीले के गर्नु र भन्नुपर्छ ? तपाइँले तपाइँको दैनिकी पुस्तिकामा तपाइँले परिवारका सदस्यहरूलाई वा साथीहरूलाई भन्ने योजना बनाएका राम्रा पाँच चीजहरू लेख्न सक्नुहुन्छ ।

© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । प्रथम अध्यक्षताको सन्देश, February 2013 को अनुवाद । भाषा Nepali 10662-372

# भेटगर्ने शिक्षिकाको सन्देश, फेब्रवरी २०१३

## परमप्रभुमा परिवर्तित भएको

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीवनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् । **थप जानकारीका लागि, reliefsociety.lds.org मा हेर्नुहोस् ।**

चर्चका नयाँ दिदीबहिनीहरू सदस्यहरू – राहत समाजमा प्रवेश गर्ने युवती महिला, क्रियाकलापमा फर्किने दिदीबहिनीहरू र नयाँ परिवर्तन भएकाहरू सहितलाई भेट गर्ने शिक्षिकाहरूको सहयोग र मित्रता आवश्यक पर्छ । परिवर्तित भएकाहरूको स्थायित्व र कम सक्रीय सदस्यहरूलाई पूर्ण क्रियाकलापमा ल्याउनका लागि सदस्यको सहभागिता महत्वपूर्ण छ, बाह्र प्रेरित गणका एल्डर एम्. रसेल बालर्डले भन्नुभयो । "राहत समाजलाई हामीसँग चर्चमा भएका सहचार्यको शक्तिशाली सामग्री (हरू) मध्येको एक … हुन सक्ने दृष्टिलाई बुझ्नुहोस् ।" पढाउनुपर्ने र पुन सक्रीय बनाउनु पर्ने, चर्चमा माया देखाई चर्चमा ल्याउन तपाईंको संस्थाका माध्यमबाट समयमा नै पुग्नुहोस् ।"

राहत समाजको सदस्यका रूपमा हामीले नयाँ सदस्यहरूलाई चर्चका आधारभूत अभ्यासहरू सिक्न सहयोग गर्न सक्छौं, जस्तैः

**वक्तव्य दिने । गवाही व्यक्त गर्ने । उपवासको नियम पालना गर्ने दशांश र अरू भेटीहरू तिर्ने । पारिवारिक इतिहासको कार्यमा सहभागी हुने । तिनीहरूका मृतक पूर्खाहरूका लागि बप्तिस्मा र प्रमाणित गर्ने ।**

"नयाँ सदस्यहरूलाई चर्चमा सुखद र स्वागत् गरिएको महसुस गराउन सचेत साथीहरूको आवश्यकता पर्छ" एल्डर बालर्डले भन्नुभयो । हामी सबै विशेष गरी भेट गर्ने शिक्षिकाहरूसँग तिनीहरूलाई निश्चित रूपमा परमप्रभुमा परिवर्तित हुन सहयोग गर्ने एक मार्गका रूपमा नयाँ सदस्यहरूसँग मित्रता स्थापना गर्ने महत्वपूर्ण दायित्व छ" (आल्मा २३:६) ।

### धर्मशास्त्रहरूबाट

२ नफी ३१:१९-२०; मोरोनी ६:४

### हाम्रो इतिहासबाट

सधैं बढिरहने सदस्यहरूको सङ्ख्याका कारण अध्यक्ष गोर्डन बी. हिङ्क्ली (१९१०-२००८) ले भन्नुभयो "तिनीहरूले तिनीहरूको बाटो पत्तालगाउँछन्, हामीले तिनीहरूलाई सहयोग गर्न द्रुत गतिमा ठोस प्रयास गर्नुपर्छ । तिनीहरू हरेकलाई तीन चीजहरू आवश्यकता पर्छः एक साथी, एक दायित्व अनि परमेश्वरका असल शब्दहरूबाट पोषित हुने अवसर मोरोनी ६:४ ।"

उहाँहरूले हेरचाह गर्नेहरूलाई सहयोग गर्नका लागि भेट गर्ने शिक्षिकाहरू हुन्छन् । मित्रता प्रायशः पहिला आउँछ जसरी एक जवान राहत समाजकी बहिनी जो एक वयश्क दिदीको भेट गर्ने शिक्षिका हुनुहुन्थ्यो लाई आएको थियो । सरसफाइ परियोजनामा सँगै काम नगर्दासम्म तिनीहरू मित्रता बढाउने कार्यमा बिस्तारै अघि बढिरहेका थिए । तिनीहरू साथी बने अनि जसै तिनीहरूले भेट गर्ने शिक्षिकाको सन्देशका बारेमा कुरा गरे तिनीहरू दुबै "परमेश्वरका असल वचनहरूद्वारा" पोषित भए ।

अध्यक्ष जोसेफ फिल्डिङ स्मिथ (१८७६-१९७२) ले भन्नुभयो राहत समाज "पृथ्वीमा परमेश्वरको अधिराज्यको महत्वपूर्ण अंश हो र … यसका आस्थावान् सदस्यहरूलाई हाम्रा पिताको अधिराज्यमा अनन्त जीवन प्राप्त गर्न सहयोग गर्छ । "

सूचीहरू


१. एम्. रसेल बालर्ड, "Members Are the Key," Liahona सेप्टे. २०००,१८

२. एम्. रसेल बालर्ड, "Members Are the Key," Liahona सेप्टेम्बर. २०००,१७

३. गोर्डन बी हिँक्ली, "Every Convert Is Precious,"Liahona, फेब्रुआरी. १९९९,९ ।

४. जोसेफ फिल्डिङ स्मिथ, Daughters in My Kingdom: The History and Work of Relief Society (२०११), ९७ मा


मैले के गर्न सक्छु ?

१. हामीले हाम्रा दिदीबहिनीहरूलाई प्रशासन गर्दा हामीलाई आत्माले निर्देशित गर्नुहुनेछ भनेर के मैले मेरी साथीका लागि प्रार्थना गर्छु ।

२. हामीले सेवा गर्ने हरेक दिदीबहिनीले हामीले उनलाई वास्तवमा नै हेरचाह गर्छौं भनेर कुन तरिकाले बुझ्न सक्छिन् ?


© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । भेटगर्ने शिक्षिकाको सन्देश, February 2013 को अनुवाद । भाषा Nepali 10662-372